# भाग ३

## नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

## सूचना

**पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली, २०८१**

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ सम्झनु पर्छ।

(ख) "दरखास्तवाला" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी वा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको रुपमा नाम दर्ता गर्न वा पुनः नाम दर्ता गर्न दरखास्त दिने व्यक्ति सम्झनु पर्छ।

(ग) "नाम दर्ता गर्ने निकाय" भन्नाले नियम ७ बमोजिमका निकाय सम्झनु पर्छ।

(घ) "निर्वाचन" भन्नाले उपाध्यक्ष र ऐनको दफा ५ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको लागि हुने निर्वाचन सम्झनु पर्छ।

(ङ) "निर्वाचन समिति" भन्नाले नियम ३ बमोजिमको निर्वाचन समिति सम्झनु पर्छ।

(च) "पेशागत आचरण" भन्नाले नियम २५ बमोजिमको पेशागत आचरण सम्झनु पर्छ।

(छ) "मतदाता" भन्नाले नियम ४ बमोजिम दर्ता भएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(झ) "विषयगत समिति" भन्नाले नियम २३ बमोजिमको समिति सम्झनु पर्छ।

(ञ) "शिक्षण संस्था" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी विषय अध्यापन गराउने विश्वविद्यालय, प्रतिष्ठान, कलेज वा विद्यालय सम्झनु पर्छ।

## परिच्छेद -२

## निर्वाचन सम्बन्धी

३. **निर्वाचन कार्यक्रम र निर्वाचन समिति तोक्ने** (१) उपाध्यक्ष र ऐनको दफा ५ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्य पदमा निर्वाचन गर्नको लागि परिषद्ले निर्वाचन मिति र कार्यक्रम तोक्नेछ।



मुद्रण विभाग, सिंहदरबार

(२) उपनियम (१) बमोजिम तोकेको मितिमा निर्वाचन सम्पन्न गराउन परिषद्‌ले नेपाल न्याय सेवाको अधिकृतस्तरको पदबाट अवकास प्राप्त व्यक्ति वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गर्नेछ।

(३) उपनियम (२) बमोजिमको निर्वाचन समितिले प्रदेशमा निर्वाचन सम्पन्न गराउन नेपाल सरकारको अधिकृत स्तरको पदबाट अवकाश प्राप्त व्यक्ति वा अधिवक्ताको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन उपसमिति गठन गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको निर्वाचन उपसमितिको कार्यावधि निर्वाचन उपसमिति गठन गर्दाको अवस्थामा तोक्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिमको निर्वाचन उपसमितिले गराएको निर्वाचन उपनियम (२) बमोजिमको निर्वाचन समितिले गरेको मानिनेछ।

(६) उपनियम (२) बमोजिमको निर्वाचन समितिले परिषद्‌ले तोकेको निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्नुपर्नेछ।

(७) उपनियम (६) बमोजिमको सूचनामा निर्वाचनको लागि उम्मेदवारको मनोनयन दर्ता गर्ने, मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, उम्मेदवारको विरोधमा उजुरी दिने, मनोनयन पत्र र उजुरी उपर जाँच गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र मतदान गर्ने मिति, समय र स्थान उल्लेख गरेको हुनु पर्नेछ।



सुप्रिम ... (watermark)

(८) निर्वाचन समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्वाचनको लागि आवश्यक पर्ने फाराम तयार गर्ने र प्रयोगमा ल्याउने,

(ख) मतदाता नामावली सङ्कलन तथा प्रकाशन गर्ने,

(ग) मतदाता नामावलीमा दावी विरोधको सूचना प्रकाशन गर्ने र सोको सुनुवाइ गर्ने,

(घ) अन्तिम मतदाता नामावली प्रकाशन गर्ने,

(ङ) उम्मेदवारी दर्ता गर्ने,

(च) मतदान केन्द्र तोक्ने,

(छ) उम्मेदवारी दिने व्यक्तिको योग्यता पुगे नपुगेको रुजु र जाँचबुझ गर्ने,

(ज) उम्मेदवार विरूद्धको दावी विरोधमा निर्णय गर्ने,

(झ) उम्मेदवारको अन्तिम सूची प्रकाशन गर्ने,

(ञ) मतदान गराउने,

(ट) मतगणना गर्ने र निर्वाचन परिणाम घोषणा गर्ने,

(ठ) निर्वाचित उपाध्यक्ष तथा सदस्यहरूलाई प्रमाणपत्र प्रदान गर्ने,

(ड) निर्वाचन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने।

(९) निर्वाचन समितिले निर्वाचन सम्पन्न गर्नको लागि परिषद्का कर्मचारीको सहयोग लिनेछ।



मुद्रण विभाग

(१०) उपनियम (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन सम्पन्न गर्नका लागि परिषद्का कर्मचारी अपुग भएमा निर्वाचन समितिले निर्वाचन अवधिसम्मका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्न सक्नेछ।

(११) निर्वाचन समितिले निर्वाचन सम्पन्न भए पश्चात् निर्वाचनसँग सम्बन्धित सम्पूर्ण कागजातहरू परिषद्को जिम्मा लगाउनु पर्नेछ।

(१२) यस नियम बमोजिम गरिने निर्वाचन सम्बन्धी अन्य व्यवस्था परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

४. **मतदाता कायम हुने:** (१) नियम ३ बमोजिम परिषद्ले निर्वाचन कार्यक्रम तोक्नु भन्दा अघिल्लो दिनसम्म ऐनको दफा १७ बमोजिम नाम दर्ता भई विवरण अध्यावधिक गराएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी उपाध्यक्ष र ऐनको दफा ५ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको निर्वाचनको लागि मतदाता हुनेछन्।

(२) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यको निर्वाचनको लागि प्रदेश कानून बमोजिम दर्ता भएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीमात्र उक्त पदको निर्वाचनमा मतदाता हुन सक्नेछन्।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित प्रदेशको कानून नबनेसम्म ऐनको दफा ५ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यको उम्मेदवार तथा मतदाता हुनका लागि परिषद्ले सम्बन्धित प्रदेशमा कार्यक्षेत्र तोकेको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी निर्वाचनको लागि मतदाता हुन सक्नेछ।



मुद्रण विभाग

५. **<u>उम्मेदवार हुन सक्ने:</u>** देहाय बमोजिमको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को उपाध्यक्ष तथा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम परिषद्को सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवार हुन सक्नेछः-

(क) उपाध्यक्ष पदका लागि कम्तीमा "ख" श्रेणीको र सदस्य पदका लागि कम्तीमा "घ" श्रेणीको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रुपमा नाम दर्ता भएको,

(ख) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको, र

(ग) ऐनको दफा ६ बमोजिम अयोग्य नभएको।

६. **<u>निर्वाचित भएको मानिने:</u>** (१) निर्वाचनमा सबैभन्दा बढी सदर मत प्राप्त गर्ने व्यक्ति जुन पदको लागि उम्मेदवार भएको हो सो पदमा निर्वाचित भएको मानिनेछ।

तर एक भन्दा बढी उम्मेदवार बीच मत बराबर भएमा गोलाप्रथाद्वारा निर्वाचित भएको घोषणा गर्न सकिनेछ।

(२) कुनै पदका लागि हुने निर्वाचनमा उम्मेदवारको अन्तिम सूची प्रकाशन गर्दा एक जना उम्मेदवारको मात्र उम्मेदवारी कायम रहेमा त्यस्तो उम्मेदवार स्वतः निर्विरोध निर्वाचित भएको मानिनेछ।

## परिच्छेद – ३

## <u>नाम दर्ता सम्बन्धी</u>

७. **<u>नाम दर्ता गर्ने निकाय:</u>** पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रुपमा नाम दर्ता गर्ने, दर्ता भएको नाम दर्ता किताबबाट हटाउने र पुनः नाम दर्ता गर्ने काम देहायको निकायले गर्नेछः-



मुद्रण विभाग, सिंहदरबार

(क) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी सम्बन्धी कानून बनेका प्रदेशको हकमा त्यस्तो कानून बमोजिम अधिकार प्राप्त निकाय,

(ख) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी सम्बन्धी कानून नबनेका प्रदेशको हकमा त्यस्तो कानून नबनेसम्मको लागि परिषद्।

८. <u>नाम दर्ता गराउन दरखास्त दिने:</u> (१) ऐनको दफा १३ बमोजिम पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रुपमा नाम दर्ता गराउन चाहने व्यक्तिले नाम दर्ता गर्ने निकायमा अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त साथ देहायका कागजात संलग्न गर्नु पर्नेछः-

(क) ऐनको अनुसूचीमा उल्लेख भए बमोजिमको योग्यताको आफैंले प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ग) गैर नेपाली नागरिक भए राहदानी वा निजको परिचय खुल्ने सरकारी निकायबाट जारी भएको परिचयपत्र,

(घ) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी कार्यरत स्थानीय तहको सम्बन्धित वडा कार्यालयले निजको कार्य अनुभवका सम्बन्धमा प्रमाणित गरेको पत्र,

(ङ) अनुसुची-२ बमोजिम दस्तुर बुझाएको रसिद।

९. **दरखास्त स्वीकृत गर्ने:** (१) नियम ८ बमोजिम पर्न आएको दरखास्त जाँचबुझ गर्दा रीतपूर्वकको दरखास्त भए नभएको, कागजात तथा दरखास्त दस्तुर संलग्न भए नभएको र ऐनको अनुसूची बमोजिमको योग्यता पूरा भए नभएको सम्बन्धमा रजिष्ट्रार वा निजले तोकेको अधिकृतले जाँचबुझ गर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा थप कागजात माग गर्न आवश्यक देखिएमा रजिष्ट्रार वा निजले तोकेको अधिकृतले दरखास्तवालासँग त्यस्तो कागजात माग गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम दरखास्त तथा कागजात जाँचबुझ गर्दा उपयुक्त देखिएमा दरखास्तवालालाई ऐनको दफा १९ बमोजिम लिइने परीक्षामा सहभागी हुन पाउने गरी स्वीकृति दिनेछ।

(४) उपनियम (१) बमोजिम दरखास्त जाँचबुझ गर्दा दरखास्तवालाको नाम स्वीकृत हुन सक्ने अवस्था नभएमा वा उपनियम (२) बमोजिम माग गरेको कागजात दरखास्तवालाले पेस नगरेमा सोको कारण खुलाई रजिष्ट्रार वा निजले तोकेको अधिकृतले सम्बन्धित दरखास्तवालालाई अनुसूची-३ बमोजिमको ढाँचामा ऐनको दफा १९ बमोजिमको परीक्षामा सहभागी हुन नसक्ने जानकारी दिनु पर्नेछ।

१०. **परीक्षा सञ्चालन गर्ने:** (१) नियम ७ बमोजिमको निकायले नियम ९ बमोजिम दरखास्त स्वीकृत भएका दरखास्तवालाको ऐनको दफा १९ बमोजिम परीक्षा लिनेछ।

(२) उपनियम (१) बमोजिम लिइने परीक्षाको पाठ्यक्रम र अङ्कभार सम्बन्धित विषयका विशेषज्ञसँग परामर्श गरी परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।



मुद्रण विभाग

(३) उपनियम (१) बमोजिम लिइने परीक्षा लिखित, मौखिक वा परिषद्ले तोकेको अन्य कुनै माध्यमबाट लिन सकिनेछ।

(४) परिषद्ले उपनियम (२) बमोजिम परीक्षाको पाठ्यक्रम निर्माण गर्दा पाठ्यक्रम लागु हुने मिति, विषयको पूर्णाङ्क, उत्तीर्णाङ्क, परीक्षा प्रणाली, परीक्षाको भाषा, प्रश्नको अङ्कभार, परीक्षण गर्ने विधि, प्रक्रिया, नतिजा र समय समेत निर्धारण गर्नु पर्नेछ।

(५) उपनियम (१) बमोजिम लिइने परीक्षाको नतिजा प्रकाशन गर्दा त्यस्तो परीक्षामा उत्तीर्ण भएका दरखास्तवालाको रोल नम्बर, नाम, थर तथा प्राप्ताङ्क समेत प्रकाशन गर्नु पर्नेछ।

११. <u>**नाम दर्ताको निर्णयः**</u> (१) नाम दर्ता गर्ने निकायले नियम १० बमोजिमको परीक्षामा उत्तीर्ण भएका दरखास्तवालाको नाम पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रूपमा दर्ता गर्ने निर्णय गर्नेछ।

(२) उपनियम (१) बमोजिमको निर्णय गर्दा गैरनेपाली नागरिकको हकमा बढीमा एक वर्षको लागि पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रूपमा काम गर्न पाउने गरी नाम दर्ता गर्ने निर्णय गर्न सकिनेछ।

(३) उपनियम (२) बमोजिम अवधि तोकी नाम दर्ता गराएको गैरनेपाली नागरिकले सो अवधि समाप्त भएपछि पुनः आफ्नो नाम दर्ता गराउन चाहेमा पुनः नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत पशु स्वास्थ्य तथा



मुद्रण विभाग

पशु सेवा व्यवसाय गरिरहेका व्यक्तिलाई ऐनको दफा १७ बमोजिमको शैक्षिक योग्यता तथा अनुभवको आधारमा नाम दर्ता गर्ने निकायले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रूपमा श्रेणी निर्धारण गरी नाम दर्ता गर्न सक्नेछ।

१२. **दर्ता किताब राख्ने:** (१) नाम दर्ता गर्ने निकायले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको नाम दर्ता गर्ने प्रयोजनको लागि अनुसूची-४ बमोजिमको ढाँचामा दर्ता किताब राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दर्ता किताब राख्दा पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको ऐनको दफा १७ बमोजिमको श्रेणीगत आधारमा छुट्टाछुट्टै दर्ता किताब राख्नु पर्नेछ।

१३. **प्रमाणपत्र दिने:** नियम ११ को उपनियम (१) बमोजिम नाम दर्ता गर्ने निकायले नाम दर्ता गर्ने निर्णय गरेका दरखास्तवालाको नाम नियम १२ बमोजिमको दर्ता किताबमा दर्ता गरी दरखास्तवालालाई अनुसूची-५ बमोजिमको ढाँचामा नाम दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

१४. **पुनः नाम दर्ता गर्ने:** (१) ऐनको दफा १५ को उपदफा (१) बमोजिम दर्ता किताबबाट नाम हटाइएको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीले मनासिब कारण खुलाई नियम ८ बमोजिमको कागजात र अनुसूची-२ बमोजिमको दस्तुर बुझाएको रसिद संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा पुनः नाम दर्ता गर्नको लागि नाम दर्ता गर्ने निकायमा दरखास्त दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्त जाँचबुझ गर्दा मनासिब देखिएमा नाम दर्ता गर्ने निकायले ऐनको दफा १५ को उपदफा (२) बमोजिम त्यस्तो पशु स्वास्थ्य तथा पशु



मुद्रण विभाग, कम्पनी

सेवा व्यवसायीको नाम दर्ता किताबमा पुनः दर्ता गरी अनुसूची-५ बमोजिमको ढाँचामा नाम दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

तर ऐनको दफा १५ को उपदफा (१) को खण्ड (क) को आधारमा दर्ता किताबबाट नाम हटाइएको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको नाम पुनः दर्ता गरिने छैन।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको नाम ऐनको दफा १५ को उपदफा (१) बमोजिम दर्ता किताबबाट हटाउने निर्णय गरेको मितिले एक वर्ष पूरा नभई सोही व्यक्तिले पुनः नाम दर्ता गर्नको लागि दरखास्त दिन सक्ने छैन।

१५. **श्रेणी परिवर्तन गर्न सक्ने:** (१) ऐनको दफा १७ बमोजिम कुनै एक श्रेणीमा नाम दर्ता भएको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीले अर्को श्रेणीमा नाम दर्ता गराउन चाहेमा यस परिच्छेद बमोजिमको प्रक्रिया पूरा गरी नाम दर्ता गर्ने निकायले त्यस्तो व्यक्तिको श्रेणी परिवर्तन गरी साबिककै दर्ता नम्बर कायम हुने गरी परिषद्को दर्ता किताबमा नाम दर्ता गर्ने निर्णय गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम श्रेणी परिवर्तन भएमा पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको साबिकको श्रेणीबाट नाम हटाउनु पर्नेछ।

१६. **नाम दर्ताको अभिलेख राख्ने:** (१) नाम दर्ता गर्ने निकायले नाम दर्ता भएको प्रत्येक पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको नाम विषयगत तथा श्रेणीगत रूपमा दर्ता किताबमा अद्यावधिक गरी अभिलेख राख्नु पर्नेछ।

(२) प्रदेश कानून बमोजिमको नाम दर्ता गर्ने निकायमा दर्ता भएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण



मुद्रण विभाग

पशु स्वास्थ्य कार्यकर्ताको विवरण सम्बन्धित निकायले आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र परिषद्मा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम परिषद्मा प्राप्त अद्यावधिक विवरणको एकीकृत अभिलेख तयार गरी अद्यावधिक रूपमा राखिएको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको नाम प्रत्येक दुई वर्षमा परिषद्ले सार्वजनिक गर्नेछ।

## परिच्छेद–४

## पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सम्बन्धी

१७. **क्षमता अभिवृद्धिः** परिषद्ले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको क्षमता अभिवृद्धिका लागि समय समयमा तालिम तथा प्रशिक्षणका कार्यक्रम सञ्चालन गर्नेछ।

१८. **निरन्तर शिक्षाः** (१) परिषद्ले ऐनको दफा १७ बमोजिम नाम दर्ता गर्ने निकायमा दर्ता भएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको लागि निरन्तर शिक्षाको मापदण्ड तयार गर्नेछ।

(२) नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त संस्थाबाट परिषद्ले तोकेको मापदण्ड पूरा गरेको शैक्षिक संस्थाले निरन्तर शिक्षा सञ्चालन गर्न सक्नेछ। त्यस्तो संस्थाबाट निरन्तर शिक्षा लिएको पशुस्वास्थ्य तथा पशु सेवा व्यवसायीलाई परिषद्ले मान्यता दिनेछ।

१९. **पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सञ्चालनः** (१) ऐनको दफा १८ को प्रयोजनका लागि देहाय बमोजिमको श्रेणीमा नाम दर्ता



मुद्रण विभाग, सिंहदरबार

भएको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीले देहाय बमोजिमको व्यवसाय सञ्चालन गर्न सक्नेछन्:-

(क) **"क श्रेणी" :** विज्ञता हासिल गरेको क्षेत्रसँग सम्बन्धित पशु रोगको पहिचान र उपचार, भ्रुण प्रत्यारोपण, कृत्रिम गर्भाधान, पशु आहारा, पशु कल्याण, पशु पोषण, पशुजन्य खाद्य पदार्थ, पशु प्रजनन्, भेटेरिनरी जनस्वास्थ्य, पशु स्वास्थ्य तथा पशु सेवा अनुसन्धान, पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सम्बन्धी अन्य विधा र त्यस्तो विधाको विशेषज्ञ सेवा तथा परामर्श।

(ख) **"ख श्रेणी" :** बिरामी पशुको स्वास्थ्य परीक्षण, रोगको पहिचान र उपचार तथा सोको लागि औषधि लेखन, कृत्रिम गर्भाधान, पशु प्रजनन, पशु कल्याण, पशु पोषण, पशुजन्य खाद्य पदार्थ, पशुको आहारा, भेटेरिनरी जनस्वास्थ्य सेवा, तालिम, प्रशिक्षण सहजीकरण, अनुसन्धानमा सहयोगी, शैक्षिक योग्यता र तालिमको सीमाभित्र रही पशु स्वास्थ्य सेवा क्लिनिक सञ्चालन, पशु रोग निदानका लागि प्रयोगशाला सञ्चालन, क्यानल क्लब सञ्चालन।

(ग) **"ग श्रेणी"**: शैक्षिक योग्यता तथा तालिमको सीमाभित्र रही बिरामी पशुको स्वास्थ्य परीक्षण, रोगको पहिचान र उपचार तथा सोको लागि



मुद्रण विभाग, सिंहदरबार

औषधि लेखन, कृत्रिम गर्भाधान, पशु प्रजनन, पशु कल्याण, पशु पोषण, पशुजन्य खाद्य पदार्थ, पशुको आहारा, भेटेरिनरी जनस्वास्थ्य, शैक्षिक योग्यता र तालिमको सीमाभित्र रही पशु स्वास्थ्य सेवा क्लिनिक सञ्चालन, पशु रोग निदानका लागि प्रयोगशाला सञ्चालन, क्यानल क्लब सञ्चालन।

(घ) **"घ श्रेणी"**: बिरामी पशुको आधारभूत स्वास्थ्य परीक्षण, रोगको पहिचान र उपचार तथा सोको लागि औषधि लेखन, तालिम लिएको व्यवसायीले कृत्रिम गर्भाधान, पशु प्रजनन, पशु कल्याण, पशुको आहारा, भेटेरिनरी जनस्वास्थ्य, ऐनको दफा १७ को खण्ड (घ) बमोजिमको शैक्षिक योग्यता र तालिमको सीमाभित्र रही आधारभूत क्लिनिक सञ्चालन, पशुको आधारभूत रोग निदान, पशु प्रयोगशाला सञ्चालन, क्यानल क्लब सञ्चालन।

(२) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीले उपनियम (१) बमोजिमका व्यवसाय सञ्चालन गर्दा प्रचलित कानून तथा नियम २४ बमोजिमको आचारसंहिताको अधीनमा रही गर्नु पर्नेछ।

२०. **<u>ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको नाम दर्ता:</u>** (१) ऐनको दफा २० बमोजिम ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको रुपमा नाम दर्ता गराउनको लागि ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता सम्बन्धी कम्तीमा एक महिनाको तालिम लिएका व्यक्तिले नाम दर्ता गर्ने

निकायमा अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त साथ ऐनको दफा २० को उपदफा (१) बमोजिमको तालिम, पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सञ्चालन गर्दै आएको कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त दरखास्त जाँचबुझ गर्दा मनासिब देखिएमा छुट्टै दर्ता किताब खडा गरी ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको नाम दर्ता गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम नाम दर्ता भएका ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले देहाय बमोजिमको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गर्न सक्नेछन्:-

(क) पशु रोगको प्राथमिक उपचार,
(ख) परजीवी विरुद्धको औषधिको प्रयोग,
(ग) पशु खोपको प्रयोग,
(घ) भाले पशुको बन्द पद्धतिबाट गरिने बन्ध्याकरण,
(ङ) पशु रोगको नियन्त्रणमा सहयोग,
(च) पशु पालन र पशु रोग सम्बन्धी सचेतनामूलक कार्य।

(५) उपनियम (३) बमोजिम नाम दर्ता भएका ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताबाट उपनियम (४) बमोजिमको कार्य भए नभएको सम्बन्धमा नाम दर्ता गर्ने निकायले समय समयमा अनुगमन तथा निरीक्षण गरी आवश्यकता अनुसार कुनै सुधार गर्नु पर्ने देखिएमा सुधारको लागि निर्देशन समेत दिन सक्नेछ।



मुद्रण विभाग

(६) उपनियम (३) बमोजिम नाम दर्ता भएका ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको लागि नाम दर्ता गर्ने निकायले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी क्षमता विकासका आवश्यक कार्यक्रम नियमित रुपमा सञ्चालन गर्नु पर्नेछ।

२१. **<u>शैक्षिक योग्यताको मान्यता:</u>** (१) ऐनको दफा २२ बमोजिम पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायसँग सम्बन्धित शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिको मान्यता प्राप्त गर्ने प्रयोजनका लागि सम्बन्धित शिक्षण संस्थाले त्यस्तो शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको लागि निर्धारित पाठ्यक्रम तथा भर्नाको लागि निर्धारित सर्त तथा तत्सम्बन्धी अन्य विवरण परिषद्मा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको विवरणका आधारमा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिको मान्यताका लागि परिषद्ले तोकेको नियम २३ बमोजिमको विषयगत समितिमा पेस गरी सो समितिको राय सुझाव सहितको प्रतिवेदन परिषद्मा पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिलाई मान्यता दिन परिषद्ले मन्त्रालयमा सिफारिस गर्नेछ।

२२. **<u>शिक्षण संस्थाको सर्त र मापदण्ड:</u>** (१) ऐनको दफा २३ बमोजिम पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायसँग सम्बन्धित विषय अध्यापन गराउने शिक्षण संस्थाले सञ्चालन गर्ने शैक्षिक कार्यक्रम सञ्चालन गर्दा पूरा गर्नुपर्ने सर्त तथा मापदण्ड परिषद्ले निर्धारण गर्नेछ।



मुद्रण विभाग

(२) शिक्षण संस्थाले शैक्षिक कार्यक्रम सञ्चालन गर्दा उपनियम (१) बमोजिम परिषद्ले निर्धारण गरेको सर्त र मापदण्ड पालना गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सर्त र मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा नियम २३ को उपनियम (१) को खण्ड (च) बमोजिमको शैक्षिक परामर्श तथा शिक्षण संस्था नियमन समितिले समय समयमा अनुगमन गरी परिषद्लाई प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) ऐनको दफा २५ को उपदफा (२) बमोजिम मन्त्रालयले शिक्षण संस्थासँग माग गरेको थप विवरण वा स्पष्टीकरण सम्बन्धित शिक्षण संस्थाले पत्र प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

## परिच्छेद-५
## विषयगत समिति सम्बन्धी

२३. **विषयगत समितिको गठनः** (१) परिषद्ले आफ्नो काम कारबाहीमा सहयोग पुऱ्याउन देहाय बमोजिमका विषयगत समिति गठन गर्न सक्नेछः-

(क) परीक्षा, नाम दर्ता तथा अभिलेख समिति,
(ख) पशु सेवा विज्ञ समिति,
(ग) जनशक्ति परिचालन तथा व्यवस्थापन समिति,
(घ) अनुशासन तथा नियमन समिति,
(ङ) आर्थिक व्यवस्थापन तथा लेखा समिति,
(च) शैक्षिक परामर्श तथा शिक्षण संस्था नियमन समिति,

(छ) अन्तर्राष्ट्रिय सम्बन्ध समिति।

(२) उपनियम (१) मा उल्लिखित विषयगत समितिमा परिषद्ले तोकेको परिषद्को सदस्यको संयोजकत्वमा विषय विज्ञताको आधारमा परिषद्मा नाम दर्ता भएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी मध्येबाट पाँच जना सदस्य रहनेछन्।

(३) उपनियम (१) को खण्ड (क) बमोजिमको परीक्षा, नाम दर्ता तथा अभिलेख समितिको काम देहाय बमोजिम हुनेछः-

(क) नाम दर्ताका लागि सूचना आह्वान गराउने,

(ख) नाम दर्ताका लागि दरखास्त दिएका दरखास्तवालाको आवश्यक प्रमाण पुगे नपुगेको जाँचबुझ गर्ने,

(ग) दर्ता हुन निवेदन दिने दरखास्तवालाको प्रमाण पुगेमा दर्ता गर्नको लागि परिषद् समक्ष पेस गर्ने,

(घ) दर्ता हुन योग्य पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको परीक्षा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने,

(ङ) दर्ता भएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको अभिलेख अद्यावधिक राख्न आवश्यक व्यवस्था मिलाउने।

(४) उपनियम (१) को खण्ड (ख) बमोजिमको पशु सेवा विज्ञ समितिको काम देहाय बमोजिम हुनेछः-

(क) मुलुकलाई आवश्यक पर्ने पशु स्वास्थ्य तथा पशु सेवा, पशुको नश्ल, आहारा,



मुद्रण विभाग

चरण घाँस सम्बन्धी विषयमा सुधार तथा व्यवस्थापनको खाका तयार गरी परिषद्मा पेस गर्ने,

(ख) पशुपालनको क्षेत्रमा विकास भएका नवीनतम प्रविधि नेपालको परिप्रेक्ष्यमा उपयुक्त भए नभएको विश्लेषण गरी उपयुक्त प्रविधि प्रयोगमा ल्याउन राय सुझाव दिने,

(ग) पशु स्वास्थ्य तथा पशु सेवा क्षेत्रको तत्कालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना तयार गरी परिषद्मा पेस गर्ने,

(घ) पशुपालनका विभिन्न क्षेत्रमा आवश्यक प्रविधि किसानसम्म पुऱ्याउने कार्ययोजना तयार गर्ने,

(ङ) पशु सेवाको क्षेत्रमा उत्पादन गर्नु पर्ने आधारभूत तह देखि विषय विज्ञ जनशक्तिको कार्ययोजना तयार गरी परिषद्मा पेस गर्ने,

(च) पशु स्वास्थ्य तथा पशु सेवाका जनशक्ति बीच अन्तरक्रिया तथा छलफल गरी समस्या समाधानका उपाय सहितको प्रतिवेदन तयार गरी परिषद्मा पेस गर्ने।



मुद्रण विभाग

(५) उपनियम (१) को खण्ड (ग) बमोजिमको जनशक्ति परिचालन तथा व्यवस्थापन समितिको काम देहाय बमोजिम हुनेछः-

(क) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण पशु स्वास्थ्य कार्यकर्तालाई परिषद्का क्रियाकलाप तथा गतिविधिमा संलग्न गराउने,

(ख) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको श्रेणी व्यवस्थापनको कार्यमा परिषद्लाई आवश्यक सहयोग गर्ने,

(ग) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको क्षेत्रमा काम गर्ने सङ्घ, प्रदेश र स्थानीय तहका निकाय बीचमा समन्वय र सहकार्यको कार्ययोजना तयार गर्ने,

(घ) परिषद्का सदस्यको क्षमता विकास सम्बन्धी कार्ययोजना बनाई परिषद्मा पेस गर्ने।

(६) उपनियम (१) को खण्ड (घ) बमोजिमको अनुशासन तथा नियमन समितिको काम देहाय बमोजिम हुनेछः-

(क) परिषद्लाई आवश्यक पर्ने कानूनको मस्यौदा तयार गरी परिषद्मा पेस गर्ने,

(ख) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको शैक्षिक योग्यता र तालिमको प्रमाणपत्र जाँचबुझ गर्ने,

(ग) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले पेशागत



मुद्रण विभाग

आचरण र आचारसंहिता पालना गरे नगरेको जाँचबुझ गरी उल्लङ्घन गरेको पाइएमा आवश्यक कारबाहीको लागि परिषद्मा पेस गर्ने,

(घ) परिषद्मा परेका उजुरी उपर जाँचबुझ गरी राय सहितको प्रतिवेदन परिषद्मा पेस गर्ने।

(७) उपनियम (१) को खण्ड (ङ) बमोजिमको आर्थिक व्यवस्थापन तथा लेखा समितिको काम देहाय बमोजिम हुनेछः-

(क) परिषद्को वार्षिक कार्यक्रम तयारीमा राय सुझाव दिने,

(ख) परिषद्लाई आवश्यक पर्ने आर्थिक स्रोतको आङ्कलन र स्रोत व्यवस्थापन गर्ने गराउने,

(ग) लेखा परीक्षण गराउने र बेरुजु फछ्र्यौट गराउन आवश्यक कार्य गर्ने,

(घ) परिषद्मा आन्तरिक नियन्त्रण प्रणाली कायम राख्न सुझाव दिने।

(८) उपनियम (१) को खण्ड (च) बमोजिमको शैक्षिक परामर्श तथा शिक्षण संस्था नियमन समितिको काम देहाय बमोजिम हुनेछः-

(क) पशु स्वास्थ्य तथा पशु सेवाको क्षेत्रमा अपनाउनु पर्ने शैक्षिक क्रियाकलाप, पाठ्यक्रम, शैक्षिक प्रविधिका बारेमा परिषद्लाई आवश्यक परामर्श दिने,



मुद्रण विभाग, सिंहदरबार

(ख) शिक्षण संस्था सञ्चालन गर्दा पालना गर्नु पर्ने सर्त र मापदण्ड तयार गरी परिषद्मा पेस गर्ने,

(ग) शिक्षण संस्थाको पाठ्यक्रमका लागि आवश्यक राय सुझाव सहितको प्रतिवेदन परिषद्मा पेस गर्ने,

(घ) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको निरन्तर शिक्षाको कार्ययोजना तयार गरी परिषद्मा पेस गर्ने र निरन्तर शिक्षा सञ्चालन गराउने,

(ङ) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको परीक्षाको पाठ्यक्रम पुनरावलोकन गरी परिषद्मा सुझाव दिने।

(९) उपनियम (१) को खण्ड (छ) बमोजिमको अन्तर्राष्ट्रिय सम्बन्ध समितिको काम देहाय बमोजिम हुनेछः-

(क) पशु स्वास्थ्य तथा पशु सेवा क्षेत्रमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला संघसंस्थासँग सम्बन्ध कायम गर्ने,

(ख) विभिन्न पेशागत क्षेत्रका परिषद्बीच एक आपसमा समन्वय र सहकार्यको वातावरण सिर्जना गर्ने,

(ग) मुलुकभित्र रहेका पशु स्वास्थ्य तथा पशु सेवाका विभिन्न क्रियाकलापमा परिषद्लाई सहभागी गराउन पहल गर्ने,

(घ) परिषद्सँग सम्बन्धित अन्तराष्ट्रिय सङ्घसंस्थासँग सहकार्य गर्ने,

(ङ) परिषद्मा नाम दर्ता भएका सदस्यलाई विभिन्न अन्तर्राष्ट्रिय क्षेत्रमा हुने तालिम, भ्रमण, सेमिनारमा सहभागी गराउन पहल गर्ने।

(१०) विषयगत समितिको बैठक सम्बन्धी कार्यविधि सम्बन्धित समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–६

## पेशागत आचरण सम्बन्धी

२४. **आचारसंहिता जारी गर्ने:** (१) नाम दर्ता गर्ने निकायमा दर्ता भएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको लागि परिषद्ले ऐनको दफा ८ को खण्ड (ज) बमोजिम राष्ट्रियस्तरको आचारसंहिता तयार गरी लागु गर्नेछ।

(२) उपनियम (१) बमोजिमको आचारसंहिता बमोजिम पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले त्यस्तो आचारसंहिता विपरीत नहुने गरी पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गर्नु पर्नेछ।

२५. **पेशागत आचरण पालना गर्नु पर्ने:** (१) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले पशु स्वास्थ्य तथा पशु व्यवसाय सञ्चालन गर्दा नियम २४ को उपनियम



मुद्रण विभाग

(१) बमोजिमको राष्ट्रियस्तरको आचारसंहितामा उल्लिखित व्यवस्थाको अतिरिक्त देहाय बमोजिमको पेशागत आचरण पालन गर्नु पर्नेछः-

(क) अनुशासित र इमान्दारीपूर्वक पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गर्ने,

(ख) सेवाग्राहीसँग शिष्ट व्यवहार गर्ने,

(ग) आफू दर्ता भएको श्रेणीले गर्न पाउने पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय मात्र गर्ने,

(घ) पेशागत व्यवसायको प्रचार प्रसार गरी कुनै किसिमको अनुचित आर्थिक लाभ प्राप्त गर्न नहुने,

(ङ) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायको पेशामा आँच आउने किसिमको कुनै क्रियाकलाप गर्न नहुने,

(च) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायको सिलसिलामा आफूले गर्ने प्रत्येक कामको व्यक्तिगत रूपमा उत्तरदायी हुनु पर्ने।

(२) उपनियम (१) बमोजिमको पेशागत आचरणको पालना गर्नु गराउनु पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको कर्तव्य हुनेछ।

२६. **<u>जाँचबुझ गर्नेः</u>** (१) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी वा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले ऐन, यो नियमावली तथा यस नियमावली बमोजिमको पेशागत आचरण उल्लङ्घन गरेको भनी उजुरी, जानकारी वा पत्र प्राप्त भएमा त्यसरी उजुरी, जानकारी वा पत्र प्राप्त भएको मितिले तीस कार्यदिनभित्र अनुशासन तथा

नियमन समितिले आवश्यक जाँचबुझ गरी परिषद्मा आफ्नो प्रतिवेदन पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस गरिने प्रतिवेदनमा पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी वा ग्रामिण पशु स्वास्थ्य कार्यकर्तालाई कारबाही गर्नु पर्ने वा नपर्ने कारण सहित आफ्नो राय तथा सबुत प्रमाण भए सो समेत संलग्न गर्नु पर्नेछ।

## परिच्छेद– ७
## रजिष्ट्रार तथा कर्मचारी सम्बन्धी

२७. **रजिष्ट्रारको नियुक्ति र सेवाको सर्तः** (१) ऐनको दफा २७ को उपदफा (१) बमोजिम रजिष्ट्रारको नियुक्तिको लागि उपयुक्त व्यक्तिको छनोट गरी सिफारिस गर्न मन्त्रालयले मन्त्रालयका सचिवको संयोजकत्वमा तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको सिफारिस समितिले ऐनको दफा २७ को उपदफा (१) बमोजिम योग्यता भएको र साठी वर्ष उमेर पूरा नभएको व्यक्तिमध्येबाट एक्काइस दिनको समय दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिका, मन्त्रालयको वेबसाइट र परिषद्को सूचनापाटीमा सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र योग्यता पुगेका इच्छुक व्यक्तिले देहायका कागजात सहित सिफारिस समिति समक्ष दरखास्त दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,



मुद्रण विभाग, सिंहदरबार

(ख) व्यक्तिगत विवरण,

(ग) परिषद्मा कम्तीमा "ख" श्रेणीमा नाम दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) न्यूनतम शैक्षिक योग्यता खुल्ने कागजातको प्रतिलिपि,

(ङ) ऐनको दफा ६ बमोजिम अयोग्य नभएको स्वघोषणा,

(च) उपनियम (२) बमोजिमको सूचनामा तोकिएका अन्य आवश्यक कागजात।

(४) उपनियम (३) बमोजिम दरखास्त दिने व्यक्तिले त्यस्तो दरखास्तसाथ परिषद्को सुधार सहितको पाँच हजार शब्दमा नबढाई तयार गरेको कार्ययोजना समेत छुट्टै खाममा सिलबन्दी गरी पेस गर्नु पर्नेछ।

(५) उपनियम (१) बमोजिमको सिफारिस समितिले रजिष्ट्रारको पदमा छनोट गरी सिफारिस गर्ने प्रयोजनको लागि कुल अङ्कभार पचास कायम गरी देहाय बमोजिमको आधारमा अङ्कभार दिई सो आधारमा मूल्याङ्कन गर्नु पर्नेछः-

(क) कार्ययोजना बापत- -२५ अङ्क

१. विषयबस्तुको ज्ञान -६.५ अङ्क

२. सबल तथा कमजोर पक्ष, अवसर र चुनौतीको विश्लेषण सहितको दीर्घकालीन सोच -६.५अङ्क

३. रणनीतिक योजना -६ अङ्क

| | |
|---|---|
| ४. कार्यान्वयन कार्ययोजना | -६ अङ्क |
| (ख) कार्ययोजना प्रस्तुतिकरण | -१५ अङ्क |
| १. अवधारणागत स्पष्टता | -४ अङ्क |
| २. प्रस्तुतिकरण शैली | -४ अङ्क |
| ३. विषयवस्तुको विश्लेषण क्षमता | -४ अङ्क |
| ४. समयको व्यवस्थापन | -३ अङ्क |
| (ग) अन्तर्वार्ता | -१० अङ्क |

(६) उपनियम (१) बमोजिमको सिफारिस समितिले उपनियम (५) बमोजिम कार्ययोजना, कार्ययोजना प्रस्तुतिकरण र अन्तरवार्तामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीनजना व्यक्ति छनोट गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

तर तीन जना भन्दा कम उम्मेदवार भएमा ऐन तथा यस नियमावली बमोजिमको योग्यता पुगेका सबै उम्मेदवारको नाम सिफारिस गर्न बाधा पर्ने छैन।

(७) उपनियम (१) बमोजिमको सिफारिस समितिले उपनियम (६) बमोजिम सिफारिस गरेका व्यक्ति मध्येबाट मन्त्रालयले एकजनालाई रजिष्ट्रारको पदमा नियुक्त गर्नेछ।

(८) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(९) उपनियम (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा परिषद्को हित विपरीत कुनै काम गरेमा वा ऐनको दफा ६ बमोजिम अयोग्य भएको प्रमाणित भएमा मन्त्रालयले निजलाई जुनसुकै बखत रजिष्ट्रारको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम रजिष्ट्रारको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि अर्को रजिष्ट्रार नियुक्ति गरिनेछ।

तर एक वर्षभन्दा कम पदावधि बाँकी रहेको अवस्थामा रजिष्ट्रारको पद रिक्त हुन आएमा नियुक्ति गरिने छैन।

(११) रजिष्ट्रारले निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले पाए सरहको मासिक तलब, भत्ता र सवारी तथा इन्धन सुविधा पाउनेछ।

(१२) उपनियम (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सेवाबाट निवृत्त भई निवृत्तिभरण पाइरहेको व्यक्ति रजिष्ट्रारको पदमा नियुक्त भएमा निजले उपनियम (११) बमोजिमको तलब, भत्ता तथा सुविधा वा निजले पाइरहेको निवृत्तिभरण मध्ये कुनै एक रोज्नु पर्नेछ।

२८. **रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः** ऐनमा उल्लिखित काम, कर्तव्य तथा अधिकारका अतिरिक्त रजिष्ट्रारको अन्य काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी परिषद्मा पेस गर्ने,

(ख) परिषद्को कोषको रेखदेख र नियन्त्रण गर्ने तथा सम्पतिको संरक्षण र व्यवस्थापन गर्ने, गराउने,

(ग) परिषद्को वार्षिक आय व्यय तथा पूरक आय व्ययको विवरण तयार गर्ने,

(घ) परिषद्बाट स्वीकृत बजेटको अधीनमा रही परिषद्को योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(ङ) परिषद्को प्रशासकीय प्रमुख भई काम गर्ने,

(च) परिषद्को लेखापरीक्षण गराउने,

(छ) परिषद् र पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी बीच सम्पर्क अधिकारीको रूपमा काम गर्ने,

(ज) प्रदेश परिषद्सँग समन्वय गर्ने, गराउने,

(झ) परिषद्को निर्देशन बमोजिम अन्य कार्य गर्ने, गराउने।

२९. **रजिष्ट्रारको पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा रजिष्ट्रारको पद रिक्त हुनेछः-

(क) निजको पदावधि पूरा भएमा,

(ख) निजले मन्त्रालय समक्ष लिखित राजीनामा दिएमा,

(ग) रजिष्ट्रार पदको लागि आवश्यक न्यूनतम योग्यता नरहेको पुष्टि भएमा,

(घ) नियम २७ को उपनियम (९) बमोजिम पदबाट हटाइएमा,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरणसम्बन्धी कसूर, ठगी वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएमा,

(च) निजले कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गरेमा, वा

(छ) निजको मृत्यु भएमा।

३०. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) परिषद्मा ऐनको दफा २९ को उपदफा (१) बमोजिम मन्त्रालयले स्वीकृत गरे बमोजिमको सङ्गठनात्मक संरचना बमोजिमको सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) परिषद्को कर्मचारीको नियुक्ति तथा सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद–८
## विविध

३१. **कोष सञ्चालन:** परिषद्को कोषको खाताको सञ्चालन रजिष्ट्रार वा निजले तोकेको परिषद्को अधिकृतस्तरको कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

३२. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने:** परिषद्ले दैनिक कामकाज तथा नाम दर्ता, विवरण अद्यावधिक, सूचना सम्प्रेषण र परीक्षा सञ्चालन जस्ता कार्य गर्न विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ।

३३. **लोगो र छाप:** परिषद्को लोगो र छाप अनुसूची-६ बमोजिम हुनेछ।

३४. **बैठक भत्ता:** परिषद्का सदस्यले कार्यालय समय अघि वा पछि परिषद्को बैठकमा भाग लिंदा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

३५. **अनुसूचीमा संशोधन:** नेपाल सरकारले परिषद्को सिफारिसमा अनुसूचीमा आवश्यक संशोधन गर्न सक्नेछ।



मुद्रण विभाग

हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो

## अनुसूची-१

(नियम ८ को उपनियम (१), नियम १४ को उपनियम (१), नियम २० को उपनियम (१) सँग सम्बन्धित)

नाम दर्ता/पुनः नाम दर्ता/ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताका लागि दिइने दरखास्त फाराम

श्री पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्
काठमाण्डौं ।

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को दफा १३ र पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली, २०८१ को नियम ८ को उपनियम (१)/ नियम १४ को उपनियम (१)/ नियम २० को उपनियम (१) बमोजिम परिषद्को नाम दर्ता/पुनः नाम दर्ता/ ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको रुपमा नाम दर्ता गराउन देहाय बमोजिमको विवरण खुलाई यो दरखास्त पेस गरेको छु:-

१. पूरा नाम र थरः

२. NAME: (IN BLOCK LETTERS):

३. जन्म मितिः

४. बाबुको नामः

५. बाजेको नामः

६. विवाहित भए पति वा पत्निको नामः

७. स्थायी ठेगानाः ......प्रदेश , ..........जिल्ला,..........गा.पा./न.पा., वडा नं...., टोल......,

अस्थायी ठेगानाः......प्रदेश, ..........जिल्ला, ..........गा.पा./न.पा., वडा नं...., टोल......,

टेलिफोन नं. ........., मोबाइल नं. ......., इमेल........... ।

८. पत्र व्यवहार गर्ने ठेगानाः

९. कुनै संस्थामा कार्यरत भए सो संस्थाको नामः
ठेगानाः

१०. हाल दर्ता हुन चाहेको श्रेणीः विज्ञताको क्षेत्रः

११. यस भन्दा अघि कुनै व्यवसायी परिषद्मा नाम दर्ता भएको भएः
परिषद्को नामः
दर्ता नः मितिः विषयः तहः



मुद्रण विभाग, सिंहदरबार

१२. शैक्षिक योग्यता वा उपाधिको विवरणः

(क) सामान्य

| क्र. सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन गरेको संस्था | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

(ख) व्यावसायिक

| क्र. स. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन गरेको संस्था | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

माथि बमोजिम लेखिएको विवरण ठीक साँचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

निवेदकको,-
दस्तखतः
पूरा नाम थरः
मितिः

दृष्टव्यः

दरखास्तवालाले दरखास्त साथ पासपोर्ट साइजको तीन प्रति फोटो, नागरिकताको प्रमाणपत्र र दरखास्त फाराममा लेखिए बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिमको प्रमाणपत्रको सक्कल र प्रमाणित नक्कल दुई प्रति समेत संलग्न गर्नु पर्नेछ।



मुद्रण विभाग, सिंहदरबार

## अनुसूची-२

(नियम ८ को उपनियम (२) को खण्ड (ङ), नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

नाम दर्ता/पुनः नाम दर्ता गर्दा लाग्ने दस्तुर

| क्र.सं. | श्रेणी | नाम दर्ता/पुनः नाम दर्ता गर्दा लाग्ने दस्तुर |
|---|---|---|
| (१) | "क" श्रेणीका लागि | रु.५,०००।- |
| (२) | "ख" श्रेणीका लागि | रु.३,०००।- |
| (३) | "ग" श्रेणीका लागि | रु.२,०००।- |
| (४) | "घ" श्रेणीका लागि | रु.१,५००।- |
| (५) | ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको लागि | रु.१,०००।- |



मुद्रण विभाग, सिंहदरबार

## अनुसूची-३

(नियम ९ को उपनियम (४) सँग सम्बन्धित)

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्

**नाम दर्ताको परीक्षामा सहभागी हुन नसक्ने जानकारी**

श्री ………………………….
………………………….
………………………….

तपाईले यस परिषद्मा नाम दर्ता गराउनको लागि मिति ………………. मा दिनु भएको दरखास्त उपर जाँचबुझ गर्दा देहायको कारणले तपाईँ परिषद्मा नाम दर्ता गर्ने परीक्षामा सहभागी हुन नसक्ने भनी परिषद्बाट मिति ………………. मा निर्णय भएकोले जानकारीको लागि अनुरोध छः-

नाम दर्ता हुन नसकेको कारणः

(क)
(ख)
(ग)

दस्तखतः
नामः
रजिष्ट्रारः

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची-४

(नियम १२ को उपनियम (१) सँग सम्बन्धित)

**नाम दर्ता किताब**

| दर्तावाला पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको फोटो |
|---|

दर्ता नं.

पेज नं.

नामः

ठेगानाः

बाबुको नामः

कार्यरत संस्था र ठेगानाः

शैक्षिक योग्यताः

(क) सामान्य

(१)

(२)

(३)

(४)

(ख) व्यावसायिक

(१)

(२)

(३)

परिषद्को निर्णय मितिः

प्रमाणपत्र बाहकको दस्तखतः

विवरण भर्नेको दस्तखतः

दर्ता मितिः

रजिष्ट्रारको दस्तखतः

विवरण थप तथा परिवर्तन आदि

| मिति | विवरण | विवरण भर्नेको दस्तखत | रजिष्ट्रारको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |



मुद्रण विभाग, सिंहदरबार

## अनुसूची-५

(नियम १३ र नियम १४ को उपनियम (२) सँग सम्बन्धित)

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्

**नाम दर्ता/पुनः नाम दर्ता प्रमाणपत्र**

………….. प्रदेश ………….. जिल्ला ………….. गाँउपालिका/नगरपालिका ………….. वार्ड नं. ………….. बस्ने वर्ष ………….. को तपाईं श्री ………….. लाई परिषद्को मिति ………….. को निर्णय अनुसार ………….. विषयको ………….. श्रेणीको दर्ता किताबमा नाम दर्ता गरी पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को दफा १४ को उपदफा (२) तथा पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली, २०८१ को नियम १३/ नियम १४ को उपनियम (२) बमोजिम नाम दर्ता/पुनः नाम दर्ता प्रमाणपत्र दिइएको छ ।

दर्ता नम्बरः

नाम दर्ता/पुनः नाम दर्ता प्रमाणपत्र जारी भएको मितिः

परिषद्को छापः

दस्तखतः

नामः

रजिष्ट्रारः

**द्रष्टव्यः** गैर नेपाली नागरिकको हकमा यो प्रमाणपत्र जारी भएको मितिले एक वर्षसम्मको लागि मात्र मान्य हुनेछ।



मुद्रण विभाग, सिंहदरबार

## अनुसूची-६

(नियम ३३ सँग सम्बन्धित)

<u>पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को लोगो र छाप</u>

आज्ञाले,
डा.राजेन्द्र प्रसाद मिश्र
नेपाल सरकारको सचिव ।